# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### हेकुली, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

## नदी जन्य पदार्थ उत्खननको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०५/२३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) र यस दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०७८ को व्यवस्था बमोजिम, दंगीशरण गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी जन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम देहायका शीर्षकहरूमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७८/०७९ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ . अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ .

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०७८/०७९ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदी विक्रि ( स्वीकृत खानी क्षेत्र वाहेक) संकलन तथा विक्री परिमाण (घन फिटमा) | आ.व. ०७८/०७९ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) प्राकृतिक श्रोत विक्री शुल्क रू। प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट वाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०१/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तुईसोता दोभानमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, आदि (स्वीकृत खानी क्षेत्र बाहेक) | ६५,१४०.७२ | रू १२ | ७,८१,६८८।६४ | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०२/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने कुईरी गनार क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, आदि (स्वीकृत खानी क्षेत्र बाहेक) | १४६९७२.४३ | रू १२ | १७,६३,६६९।१६ | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०३/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने पातुखोला र बबई देभानमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि स्वीकृत खानी क्षेत्र बाहेक) | १४१७१४.६ | रू १२ | १७,००,५७५।२० | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०४/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने पातुखोला र भमके खोला देभानमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि स्वीकृत खानी क्षेत्र बाहेक) | ८६४५४.३ | रू १२ | १०,३७,४५१।६ | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०५/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बबई र चिराघाट खोलाको देभानमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि स्वीकृत खानी क्षेत्र बाहेक) | १३६७७४.३ | रू १२ | १६,४१,२९१।६ | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०६/DRM SQ/०७८/०७९ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सिमठाना बबईघाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि स्वीकृत खानी क्षेत्र बाहेक) | १२७८११.३ | रू १२ | १५,३३,७३५।६ | रू १,०००. | मु।अ।कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धि शर्तहरू**

१. माथि उल्लेखित ठेक्काहरूको लागि दरभाउपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ .

२. ठेक्का अवधि आ।व। २०७८/०७९ जेठ मसान्त सम्म रहनेछ . तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिनेछ . साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन . IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ .

३. माथि उल्लेखित सवै ढेक्काहरू कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ .

४. धरौटी वापत कबोल गरको अंकको ५ प्रतिशत रकम यस दंगिशरण गाउँपालिका दाङको नेपाल क्रेडिट तथा कमर्श बैंक लिमिटेड दंगिशरण शाखा स्थित बैंक धरौटी खाता नं ११४०००००१६३०१ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्र साथ संलगन गरी पेश गर्नुपर्नेछ . धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ .

५. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको राजस्व ईकाइमा नगद दाखिला गर्नुपर्नेछ .

६. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ .

७. दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन . साथै रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन .

८. ठेक्कामा कुनै विवाद भएमा दंगिशरण गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ .

९. उपरोक्त ठक्कहरूको सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउपत्र बुझाउनु पर्नेछ . प्राप्त दरभाउपत्रहरू सोही दिनको २:०० बजे दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ .

१०. दरभाउपत्र फारामहरू खरद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ .

११. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त दरभाउपत्र साथ संलगन गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछ .

१२. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका दरभाउपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन .

१३. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ .

**ठेक्का सम्बन्धि अन्य शर्तहरूः**

१. कुल कवोल अंक रकम बुझाए पछि र तोकिए अनुसारको पर्फमेन्स बन्ड पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिईनेछ .

२. ठेक्का रकमको भुक्तानी एकमुष्ट अग्रिम गर्नुपर्नेछ . र नदी जन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को ९ (२) को अवस्थामा सोही बमोजिम हुने छ .

३. माथि सर्त नं ३ मा उल्लेख गरिएका रसिदहरूबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मु।अ।करको हिसाव निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाई गरी खाता र रसिद वार्षिक रूपमा दंगीशरण गाउँपालिकामा बुझाउनुपर्नेछ .

४. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमानै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनवोर्ड सवैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ .

५. दंगीशरण गाउँपालिकाकालाई बुझाउनुपर्ने बाँकी वक्यौता भएको व्यक्ति, फर्मको दरभाउपत्र स्वीकृत गरिनेछैन .

६. प्रत्येक ठेक्काको छुट्टा छुट्टै खाममा दरभाउपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ .

७. जमानी वापत दरभाउपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ . अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ .

८. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको दरभाउपत्रलाई मात्र मान्यता दिईनेछ .

९. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र, दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ . तर दरभाउपत्र दाता वा निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधीको रोहवरमा खोल्न सकिनेछ .

१०. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु।अ।कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलीपी र कालो सूचीमा नपरेको स्वःघोषण पत्र संलग्न राखी पेश गर्नु पर्नेछ .

११. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ .

१२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ .

..................................

प्रमुख प्रशासकीय अधिकृत